# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बांकी)

फागुन सुदि १५ रोज ७ मा

श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर कपतान् सता-राम षतृले चह्राई पठायाको फागुन सुदि १४ रोज ६ मा वागलदेषि आधाकोस माथि तोप पुऱ्याई यस ठाउंमा २ विकट ठुला डरलाग्दा फलामका किला ठोकि वनाइ राष्याका रह्याछन् १ विकट ८० हातको पहरा चाहिन्या तलदेषि पर्षाल चिह्नि पहिरो फोरी वनाउन्या काम गऱ्या अर्को पहरा भन्या पर्षाल चिन्हे ठाउं पनि नभयाको फोरन पनि नसकिन्या मेनाघोडा लस्कर भुन्या लैजानु हुन्या तोप भन्या लैजानु नहुन्या छन् माथितिर वाटो पनि फेरन हुन्या रहेछ र गंडकिका किनारवाट ढुंगामुढा वलियो गरि पानि ठेली फड्क्या हालन लागिरहेछु, २।३ दिनमा वनाई तयार गरी लैजान्या काम गरूंला औठा उठाउ यो वाटोमा तोप लायाको तजवीजको विप्ति उकालो वह्रालो तेर्छो वाटोमा वोकि हिडी आउनु हुन्या रहेछ . सिडि भयाको उकालो भंज्याङ पऱ्याको ढाडमा तोप ठोकिदो रहेछ र ठुला ठुला षरका मुठा वाधि सव सिढिसिढिमा वछ्याई थोरै मानिसले कांध हलाई अगाडि पछाडि विचमा ३ ठाउंमा डोरि वाधि उचालदै सार्दै गरि विकट कटाईसम्म मलिनु वाटोमा वोकाइ लैजान्या काम गर्दछु . यस्तोपलाई राम्रो सह्यारसित लैजानलाई वोकन्या डोरी ठामन्या गरी १०० जना मानिस भयादेषि सह्यारीसंग जान्या रहेछ . मैले वनाई वन्यासम्म वनाइ पनि आयाका छु . अरू कुहिकाही भया नभयाको ठाउंमा फर्कदा षेरि वनाउनलाई फर्कन्या काम गरूंला . ठाउं-ठाउं अरू पुल साघुमा भन्या तोप वोकि ल्याउनु हुन्या रहेछ . स्याफ्रुको कोठे साघु भन्या सांगुरो पनि रहेछ . अलिक पुरानु पनि रहेछ . वोकि ल्याउनु भयेन र षरका मुठा वछ्याई अगाडि पछाडि डोरीलाई थोरै मानिसले उचालदै सार्दै गरि तारन्या काम गऱ्या. अरू तोपलाई त्यो साघु नया नवन्या तारनलाई दह सत् हुन्या रहेछ . सानासाना ठाडा षोला साघु हालनु भनि अघि विष्ट कपतानले अमान षतृलाई अह्रायाको हो २।३ ठाउंमा साघु नवन्याको रहेछ . जुन जुन गाउंको अम्वल हो . वहि वहि गाउंल्यालाई वनाउ भनि उर्दी दी वनाउन लाउ भनि मर्जि भया वनाउन लाउन्या काम गर्दाहुं शुभम्—

फागुन शुदि १५ रोज ७ मा

तस्तै विचमा श्री ५ महाराजधिराजवाट धर्माका लामा-लाई लेषि गयाको भोटवाट हाम्रा रैयत महाजनमाथि विजाई विदत गरी महसुल वढाई लिदा र षाम्वालिका झगदामा फरेपगरि हाम्रा ह्लासामा वस्न्या नायेकलाई वेइजत गरि निकाली हाम्र ह्लासामा रह्याका महाजन

सवैलाई थोरै रुपिञा दिनु पर्न्यामा धेरै रुपिञाको अत्तो लगाई ४ दिनसम्म आगो पानि च्याचपा वंद गरि दु:ख दियाको सोलुषुवु पट्टि हाम्रा मुलुकका रैयतलाई सिकार्जुका ढेवाले मारि अघिदेखि चल्याको थिचिमिचि जवरजस्ति गऱ्याको सवै विस्तार हाम्रा हजुरमा जाहेर हुंदा भोटवाट ञाहासम्म विजाई विद्दत गऱ्यापछि हामी भोटमा चढाई गरि छोददैनौ भनि इ सवै कुराको विस्तार ल्हासाका वडा अम्वलाई लेषि पठाउदा भोटवाट विजाइ विद्दत गऱ्याको सवै जरादेषि धोई रौ प्रमाण तफावत नपर्न्या गरि ताहा अःफुवाङको चित्त वुझाउन्या गरि लेषि पठाउला भन्या जवाफ लेषि आउदा अम्वालाई यस्तो वेहोरा लेषि आयापछि हामीले अैल्हे चढाई गर्नु हुन्दैन भनि वाटो हेरिरह्याको थीञ्यु तेस्तै विचमा हाम्रा अठासै षोलाका रैतिहरूले अघिदेषि भोटको अम्वल षासा ढेवाको जगामा षर्चरी तिरि चौरी गोठ राषि आयाको जगामा येस पालि पुस मैह्नामा झुगातरफवाट ११ जना घोडा चढन्या १४ जना पैदल आई गोठका मालिक अरू र अरू तिनजना मानिसलाई काटी ८ जनालाई घाइत्या तुल्याई ६ सै चौरी अरू माल असवाफ गैह्र धेरै लुटी चारजना मानिसलाई पक्री दिनभरी भारी वोकाई रातभर पाता फर्काई वांधि ४ दिनका वाटासम्म लगि छोडी दिया भन्या षवर आउंदा येस्ता विजाई विद्दत गऱ्याको सहन नसकी भोटसंग लडाई गर्न भनि पैह्ला लस्कर फागुनका २३ दिन जांदा रवाना हुन्छ. वाहापछि पनि फौज वरावर रवाना हुन्याछ यस कुराको सवै विस्तार ताहा-वाट आई सिंवुमा रह्याका लामासंग गऱ्याको छ. उनले सवै विस्तार ताहा जाहेर गऱ्याको होला अघिदेषि ताहाको ञाहा गोर्षा दर्वारको केही कुरा तफावत नभै दोस्ती भै आयाको हुनाले जो भयाको विस्तार सछेप लेषि पठायाको छ. भोट्याले नचाहिन्या कुरो गरि ताहाको र ञाहाको वीचमा फाटो पर्न्या कुरो गरी विगार्न षोजला यस्कुरामा अघिदेषिको दोस्ति जानि कदाचित् कुरा सुन्नु हुन्या छैन भन्या हामीलाई निश्चय छ. ल्हासा तरफवाट कौनै कुराको मद्दत नपाउन् शुभम्—

फागुन शुदि १५ रोज ७ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट श्री जनरल वद्री नर-सिंह कुवर राणाजीलाई लेषि गयाको कप्तान अम्वरसिं कुंवर राणाजीलाई ञाहावाट लेषिगया वमोजिम ज्मादार हुदास्मेत १ पट्टी सिपाहि र जो चाहिन्या षर षजानादि अह्राउन्या कुरा अह्राई जनावर ज्मा र रसद परीद गर्न्या गोदाम घर वनाउन्या मोस्ताङ थाकठेनी पांच गाउ झारकोट छार्काका थरी अमालि छाऱ्यातुपुन् गैह्लका नाउमा दस्षत् २ लेषी इझार स्मेत दि फागुन वदी ११ रोज २ का दिन मोस्ताङ तरफ पठाउन्या काम वढीया गऱ्याछौं इजहारको नकल पठायाछौं आइपुग्यो वेस भया-को रहेछ मजकुर लेफटेनका रोलमा कपतानी दर्जा भयाको छ. अव उप्रान्त कपतान भनि लेषन्या काम गर्नु वुटौल मेरा तालुकमा छैन. वाहाको हाल म केहि जान्दीन अैल्हे पनि काठ षरीद गर्न अंग्रेज आयो भन्या गलवा सुनिन्छ. भनि लेष्याका कुराल ई वढीया लेष्याछौं अंग्रेज संगको चिठीपत्र तिमीले गर्नु भन्या लेषि गयापछि अंग्रेज सन्वंधको षैषवर लेफटेन कर्णेल जङ्गध्वज कुवर राणाजिले तिमीलाई लेषि सोधी काम गर्नुपर्छ. अंग्रेज सन्वंधको जो आयाको षवर ञाहा म छेउ तुरन्त लेषि पठाउ पठायेनौ र गाफिल गऱ्यौ भन्या. तिमीले वुझा-उन पर्ला भन्या वेहोराको तिम्रा चिठी लेषि षवर मगाई कामगर्नु. पल्टनहरू सापट माग्दछन् क्या वेहोरा गऱ्या हो भनि लेष्याका कुरालाई ञाहा जगेरा रह्याका तेही ३ हजारमा सापट दिन्ना काम गर्नु नञा पल्टन जमाउन्या कुरालाई सवै रसद पुऱ्याउन्या काममा गयाका हुनाले मानिस पाइदैनन् भन्या विस्तार लेष्याका कुरालाइ छ सये जवान ञही भर्ना हुन लागि रहेछ ञाही भर्या हुन्छ ६ सये जवान ताहा भर्ना गर्न सकिछ भन्या भर्ना गरि अघि लेषि गया वमोजिम प्यूठानवाट वंदुक लिन लगाई चांडो गरि पठाई दिन्या काम गर. ६ सये जवान भर्ना गर्न सकिदेन मानिस पाइदैन भन्या आजसम्म ताहा भर्ना भयाका जवानको येति भर्ना भयो भन्या कागज ञाहा पठाई देउ ञाहा ढाक्र्या प्रशस्त छ ञाहा भर्ना गरूला पिपाका कुरालाई वरफंका साविक र श्री सम्सेर जङ्गका पिपा षलासि गरी जति ठहर्छ उनिलाई पठाउनु वढता हाल्नु पर्दैन भन्या अघि लेषि गयाको हो पुगी वुझ्याहौ शुभम्—

४६) चैत्र वदि २ रोज २ मा फागुनका २३ दिन जांदा केरू कुति झुगा षासाका ढेवा झुपन मिझार रैयेत गैह्लका नाउं थिति वंदेजको लालमोहर दस्षत भै गयाको–

स्वस्ति श्री गिरीराज चक्र चुडामणि नरनारायणेत्यादि विविध विरूदावलि विराजमान मानोनत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह वहादुर सम्सेरजङ्ग देवाना सदा समर विजयीनाम्–

आगे केरू अम्वलका ढेवा झुंपन रैयत प्रजा गैह्लके तिमीहरूलाई भोटवाट आजसम्म तिरो भरोमा र झारा वैठ वेगार गैह्लको सान्है टंटा लायाका रह्या छन् . वमोजिम तपसिलको थिति वंदेज गरि वक्स्या सुभिस्तासंग थितिमा रहन पाउनन् भन्या विस्तार श्री मद्राज कुमार कुमारात्मज श्री प्राइम मिनिष्टर यान् कम्याण्डर इनचिफ जनरल जङ्गवहादुर जनरल जङ्गवहादुर कुवर राणाजीले हाम्रा हजुरमा जाहेर गर्दा सो वमोजिम थिति वंदेज वांधि वक्स्यौ . यो थिति वंदेजमा जो रहैनैन तेस्लाई जात अनुसारको भारी सजाये होला–

तपसिल

भोटलाई आजसम्म दियाका सिर्तोमा आधि माफ गरि वक्स्यौ आधि ढेवा मार्फत हाम्रा दर्वारमा दाषिल गर्नु– १

मेजमानी दिनु पर्‍यो भनि चिया चपा पैसामाना उठाउन्या र स्वास्नीको मेजमानी दिन्या कलम माफि गरि वक्स्यौ तेस्ता कलम दिनु पर्दैन– २

झारा वेठ वेगार माफगरी वक्स्यौ. श्री ५ चिन वादशाहलाई षलिता जांदा आउंदा जो अघिदेषि दि आयाकोमा भरीया दस्तुर अव उप्रान्त पनि दिनु– ३

तिमीहरूको विहावरि गर्दा र स्वास्नी राख्दा षान्या शून्या लाउन्या कुरामा भोटका पालामा तिमीहरूका पितापुर्खादेखि चलि आया वमोजिमको थिति थामि वक्स्यौं– ४

हाम्रा तरफवाट लडाञीको जंगी कामकाज चलज्याल मानिस घोडा चौरी गडाहा गैह्ल भारी वोकन्या भरिया दि वर्षको २ षेप ज्याला मजुरी नलि मद्दत दिनु . वाहापछि वाहिक चाहियो भन्या महाजनहरूसग लियाका दर्व दि वमोजिम मजुरी लि भारी चलाई दिनु लडाञी सकिया पछि तिमीहरूलाई कोनै कुराको टंटा लागन्या छैन– ५

हाम्रा मुलुकमा मुसाफेर महाजन भोट तरफ जांदा आउदा जादा अघिदेषि महाजनसंग जो ज्याला मजुरीलि घोडा चौरी भरिया दि आयाको छ अव उप्रान्त पनि सो वमोजिम मजुरी लि भरीया दि भारी चलाइदिनु– ६

परदेशि मुसाफेर महाजन षेपुवा भरिया कोहि राति वास वस्यामा ३।४ जना मिलि धनमाल लुटगर्‍या भन्या जन्म भर नेलमा पर्लाज्यु स्मेत मार्‍या भन्या जति जना मिलि ज्यु मार्‍याको छ उतिजनाको ज्यु ज्याला– ७

कोहि मानिसले गालागाल गरि वेहकमा गालिगर्‍या भन्या फिन्याद गर्न आयो भन्या . आमा चाकारी गालि गर्न्यालाई पांच मोहर अरू थोक गालि गर्न्यालाई ई दुई मोहर डंड होला– ८

लाठाढुगा लठिले हानी रगतपछे भयो अंगको भंग भयेन थलिने गरि कुट्याको पनि रहेन छ . १।२ चोट हान्या रगत आयो भन्या विस मोहर डंड होला अंग भग नगरी २।४ दिन थलिन्या गरि कुट्न्यालाई चालिस मोहर डंड होला . जितन्यालाई जिताउरि पर्दैन दुवैले हानाहान गर्‍यो भन्या पैले हान्यालाई विस मोहर पछि हान्यालाई दश मोहर डंड होला– ९

झगदा गर्दा अंगुला भाचिन्यालाई पचास मोहर हातखुट्टा भाचन्यालाई दुई सय मोहर यौटा आंखा फोर्न्यालाई पांच सय मोहर डंड होला– १०

कसैले कसैको ज्यु मार्‍या ज्यानको वदला ज्यान जाला– ११

कसैले कसैका धनमाल चोरि गर्‍यो भन्या विगो भरा विगा वरोवर डंड होला– १२

अरू षतवात लाग्दा भोटका पाला जो डंड लियाको छ अव उप्रांत षतवात परि आयो भन्या भोटका पालामा लियाका डंडको तिन षंडको एक षंड डंड होला– १३

भोटको पालामाको ढेवाले रैयतसंग दैदस्तुर जो षायाको छ . तेस्मा माफ गरि वक्स्याको कलम वाहेक आधि दस्तुर षानु आधि भन्दा वढता तहसिल षायाको ठहर्‍या भन्या विगो फिर्ता गराई विगो वमोजिम ढेवालाई डंड होला– १४

कसैको स्वास्नी जवरजस्तीसंग करनि गन्या र स्वास्नीको मेजवानि ल्याउ भनि हाकिमले टंटा लगाई लिया भन्या सये मोहर डंड होला— १५

आगे षासामर अम्बरका मिझार रैयत प्रजा गैह्रके प्रशस्ति वेहोरा तपसिल सदर. आगे कुतिभर अम्वलका ढेवा झुपन रेयत प्रजा गैह्रके प्रशस्ति वेहोरा तपसिल तपसिल सदर आगे झुगाभर अम्वलका ढेवा झुपन रैयत प्रजा गैह्रके प्रशस्ति वेहोरा तपसिल सदर .

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री प्राइम मिनिष्टर यान कम्याण्डर इन चिफ जनरल जङ्गवहादुर कुंवर राणाजि श्री मिनिष्टर जनरल वंम्वहादुर कुवर राणाजि-को प्रशस्ति केरू कुति जुगा षासा ताकला षार छेवर गुम्वा येति ६ जगामा लालमोहर वमोजिम वेहोरा तपसिल सदर भै दस्षत लेषिगयो—

४७) दिनसेष घटि २ पला ७ वाकिछंदा श्री ५ सर्कारमा विदा भैयाका श्री मद्राज कुमार कुमारात्मज श्री मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजी— १

श्री मद्राज कुमार कुमारात्मज श्री कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजि— १

पल्टन — ५

श्री भैरवनाथ-१ श्री जंगनाथ-१ श्री गोरखनाथ-१

श्री कालिवक्स-१ श्री वर्दवानी-१ × × ×

रात्तीगत घटी २३ पला ५७ जांदा रमाना भयाका—

केरू तरफ रवाना भयाका—

| | |
|---|---|
| श्री मद्राज कुमार कुमारात्मज . श्री मिनिष्टर जनरल वंवहादुर कुवर राणाजि— | १ |
| तोप वम्— | ८ |
| तोप— | ६ |
| १२ पंनि ग्झौला . हौजार. तषतावाल— | २ |
| ५ लम्वरको— १ ६ लम्वरको— | १ |
| पाहाडीया हैजर १२ पंनि तषता वाल— | २ |
| ११ लम्वरको— १ १२ लम्वरको— | १ |
| ६ पंनि तषता वाल— | २ |
| ७ लम्वरको— १ ८ लम्वरको— | १ |
| भै तषता वाल जंगिवम्— | २ |
| ९ लम्वरको— १ १० लम्वरको | १ |

| | |
|---|---|
| श्री महिन्द्र दल पल्टनका— | ११० |
| मेजर जसधीरसिवस्न्यात् १ कपतान् धोकल थापा— | १ |
| सुवेदार—— २ ज्मादार हवल्दार स्मेत जोलंदाल | १०५ |
| १ पट्टी जङ्गजित्— १ पट्टी १ के— | ५३ |
| २ पट्टी वाग्सीं थापा— १ पट्टी २ के— | ५२ |
| विगुल— | १ |
| श्री रामदल पल्टनका— | ५७ |
| लेफटेन जङ्गवीर कुवर राणाजी १ सुवेदारी ग्रहमदर्षा— | १ |
| ६ पट्टीका ज्मादार स्मेत गोलंदाज. ५४ विगुल— | १ |
| तोप वम् . षरषजाना असवाफ वोकन्या र चलाउन्या— | १३९६ |
| कोन्या ५ वहिदार | ५ |
| षलासि ज्मादार— २७ षलासि हवल्दार | २६ |
| षलासि— | १३३३ |
| श्री भैरवनाथ पल्टनका— | ५२५ |
| मेजर कपतान वलभद्रमाझी- १ कपतान रणसुर षडका- | १ |
| लेफटेन वुद्धिमान थापा— १ राइटर जुजुमान— | १ |
| अजिटनसरूप भंडारि— १ लैन सुरविरराई— | १ |
| निसान— २ सुवेदार— | १० |
| ज्मादार— १० नाल— | ४९१ |
| वानादार— | ६ |
| श्री गोरषनाथ पल्टनका— | ५३७ |
| मेजर कपतान सुर्य्य प्रकाश— १ कपतान विरवहादुर मल्ल— | १ |
| लेफटेन नरध्वज थापा— १ लेफटेन महाविर आले- | १ |
| राइटर तुलसिनारान्- १ अजिटन इन्द्रवीर कटवाल- | १ |
| लैन. जस्मानसिं वस्न्यान्— १ नीसान— | २ |
| सुवेदार— १० ज्मादार— | १० |
| नाल— ५०२ वानादार— | ६ |
| श्री जंगनाथ पल्टनका— | ५५६ |
| मेजर कपतान श्रीकृष्ण साही— १ कपतान् मलेजङ्गपांडे- | १ |
| लेफटेन भारथ कार्की— १ लेफटेन वीरभद्र राउट— | १ |
| षर्दार लक्ष्मीरमनपाध्या— १ राइटर रणवीर— | १ |

| | | |
|---|---|---|
| अजिटन पारथ भडारी— | १ लेंन रणवम् षत्री— | १ |
| सुवेदार— | १० निसान— | २ |
| ज्मादार— | १० नाल— | ५२१ |
| | | —६ |

कुति तरफ रवाना भयाका—

श्री मद्राज कुमार कुमारात्मज श्रीकम्याण्डर कर्णेल पृथ्वि-ध्वज कुवर राणाजी— १

| | | |
|---|---|---|
| श्री कालिवक्स पल्टनका— | | ५७० |
| मेजर कपतान— | १ कपतान् जक्तु गुरूं— | १ |
| ऐ. लक्ष्मन गुरूं— | १ लेफटेन् देविसि ठाकुर— | १ |
| अजिटन् भक्तविर गुरूं— | १ राइटर रणविर— | १ |
| कोत्या— | १ लैंनरंजित गुरू— | १ |
| निसान— | २ सुवेदार— | १० |
| ज्मादार— | १० नाल— | ५११ |
| वानादार— | | २९ |

| | | |
|---|---|---|
| श्री वर्दवानी पल्टनका— | | ५४४ |
| कपतान इन्द्रसिं अधिकारी— | १ लेफटेन चन्द्रवीर वस्न्यात्— | १ |
| अजितनरीतु ध्वज महत— | १ राइटर सिंहविर— | १ |
| लैंन भैरवसिं देउजा— | १ निसान— | २ |
| सुवेदार— | १० ज्मादार— | १० |
| नाल— | ५११ वानादार— | ६ |

धनकुटा वलाचुं तरफ रवाना भयाका श्री हेमालया ध्वज पल्टनका— ८८३

| | | |
|---|---|---|
| मेजर कपतान जगवहादुर घर्ति— | १ कपतान उधोसिं कार्कि— | १ |
| लेफटेन वसन्त गिरि— | १ अजिटन नाहारसिं भडारी— | १ |
| राइटर इन्द्रनारन् | १ कोत्या सिंहदल वस्न्यात्— | १ |
| लेंन रणकेशर षत्री— | १ वहिदार— | १ |
| निसान— | २ सुवेदार— | १० |
| ज्मादार— | १० नाल— | ५६१ |
| पिपा ज्मादार— | ५ पिपा हवल्दार— | ५ |
| पिपा— | २५० वानादार विगुल— | २ |

## चैत्र वदि २ रोज २ मा

यति भया पछि श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कपतान् सताराम षत्रीले चह्राई पठायाको चैत्र वदि १ रोज १ का दिन गंडकि किनारका दहं पुरि वाटो सिध्याई आज वृर्मुदि गाउंमा टोप पुऱ्याया नीज गाउंका परतिर पैराका मुषको ढुंगो वारूड हालि उडाउन्या काम गऱ्या आहादेषि टिमुऱ्यासम्म ३।४ विकट छन् इ विकट वनाइ आहावाट तोप उठाई टिमुऱ्या पुराउन्या काम गरूंला शुभम्—

## ऐ रोजमा

तेस्तै वखतमा श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कपतान दलजित् विष्टले चह्राइ पठायाको हेटौडा भैस्या-मा हाति घोडा वयल गाडाले ल्यायाका टार्ट्सिदिया फलाम र पाथी ५० माना ५० भिफेदीमा झिकाई नौ-सिन्दा १० स्मेत साथ्लिगाई सोमवारका दिन भिफेदी-वाट कोत्याकर्नसि थापा जिम्मा चलान गरि पठायाका छौं दाषिल होला अरू जुन घडीमा आइपुग्ला सो घडीमा रमाना गरि चह्राई पठाउन्या काम गरूंला आहाका विलकुल जीर्नसि उठाई ५ हजार चानचुन रसद वांकी राषी मकवान पुऱ्या रैयतलाई ५।७ सये रोजको चलान् गर्न लगाई मंगलवारका दिन गैह्र पिपा षलासी ली किट्यानी अडामा सछौं शुभम्—

## चैत्र वदी ३ रोज ४ मा

रातका घडी ३ वांकि छंदा श्री जनरल सम्सेरजं कुंवर राणाजी हेर्चार निमित्त केरूं तरफ रवाना भया—

ताहा पछि श्री मिनिष्टर जनरलवाट श्री प्राइम मिनिष्टर-का हजुरमा चह्राई पठायाको मेजर कपतान सताराम षत्रीले लैगयाको तोप रसुवासम्म पुऱ्यायाका रह्याछन् भन्या षजाना पठाई वक्स्या जावस् . केरूंसम्म त्यो टोप भरीसक्य गरि पुऱ्याउन जाउला आज भरिया नआई पुग्दा आही वस्नु पऱ्यो . मोलि पनि आयेन भन्या आहा कति दिन वस्नु षालि मोहर २ र षालि दस्षत २ आहा दाषिल भयो मुकाम वालाज्यू शुभम्—

श्री प्राइम मिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषि गयाको मेजर कपतान सताराम षत्रीले लग्याको तोप झुगासम्म लैंजानु सकन्याछु भंछौ भन्या तेस्को षर

षजाना र तोप वोकन्या मानिस पठाइ दिन्छु. ताहाता पुऱ्याउनु सकिन्या छैन भंछौ भन्या षजाना पठाउन्या काम गऱ्याछैन. तेस्कोत जवीज गरि जवाफ चाडो पठाई दिन्या काम गर षालि मोहर २ षर्दार मनोहर पाध्याले हिजो पठाई दियाको हो. पुग्यो हो. षालिमा छाप लाग्याका कागज २ पठाई दियाको छ पुगला शुभम्—

ताहापछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजिवाट लेषि चह्लाई पठायाको चैत्र वदि ३ रोज ४ का दिन २ घडी रात जांदा आरामसित स्याफ्रु आई पुग्या ल्हासावाट आउन्या लामालाई धुंच्यामा भोट्या थोरै दुवलाय छ. तिमी नेपालबाट हिड्याका कति दिन भयो भनि सोध्यार चार दिन भयो भनि भन्यो संचछ कि भनि सोधदा अरू कुरालाइ ता संचै छ. हिडी आउंदा खुटा सान्है दुख्यो भनि भंछ भनि दोभास्याले भन्यो लामाका घोडा छैन कि भनि मैले सोधदा छैन तिन गोटा घोडा ल्याआथ्या मैले वहि चढाया भनि उस्ले विन्ति गऱ्यो र मेरा आठ पहरी ज्मादारका भोट्या घोडा एउटा डाकमा आयाको थियो. यो घोडा लामालाई दिआ. लौ चढिजाउ भनि भन्या दोभास्याले वहुत मेहरमानगि भयो भनि भंछन् भनि दोभास्याले भन्थ्यो. लामाले हजुरका सवारी कैले हुनु भयो भनि सोधदा आजै ३ घडि रात वांकी छंदा नेपालवाट सवार गऱ्याथ्या भनि भन्या र जिभ्राका न्ह्यो और सदका अर्थलाई दुनियादार देषदा कतिसम्म हुनन् भनि अ हा रह्याका कारिन्दाहरूसंग सोधदा टिमुऱ्या स्याफ्रु गरि ज्मा लस्कर १०।१२ हजार हुनन् भनि भनि भंछ. मेरा तजवीजमा पनि १०।१२ हजार होला भन्या तजवीज छन् वढ्याका होकि घट्य ।कोहो भनि सोधदा अैले ता अ धा पनि छैन भनि भंछन् कपतान भैरववहादुर पाडे सुवा धनसुंदर टिमुऱ्यामा वस्याका छन् मुषिया १ नौसिंदा १० फागुण सुदि १२ रोजका दिन स्याफ्रुमा आई रसद भराई वस्थाका छन्. चैत्र वदि २ रोजका दिन प्रोहित चतुर्जुजदत्त अर्ज्याल स्याफ्रुमा आई पुग्याको रहेछन् स्याफ्रुवाट टिमुऱ्या ३ कोस पर्दछ. भोलि टिमुऱ्या जान्याछु. टिमुऱ्याका हाल सुरत वुझी भोलि विन्ति चह्लाई पठाउन्या काम गरूंला शुभं स्याफ्रु—

चैत्र वदि ३ रोज ३ मा

तरतै वीचमा श्री प्राइम मिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषि गयाको फागुन लाग्न्या संक्रान्तिका दिन भोलिपल्ट कप्तान अम्वरसिं कुंवरजि र श्री वरष पल्टनको १ पट्टी मुस्ताङ पठाउनु मोस्ताङ तरफको चौरी घोडा भेदा सवै ज्ना गरि तेस तरफ पायासम्मको रसद षरिद गरि वोकाई झुगामा आउनु. श्री वरफ पल्टन पनि तेही वाटो पठाइ दिनु अघि लेषि गयाको हो सो वमोजिम कपतान अम्वरसिं कुवर राणाजिलाई अह्लाउन्या कुरो अह्लाई मोस्ताङ तरफ पठाउन्या काम वढीया भयेछ. अव्र यहा १८ सय षोलाका हाम्रा रैतिहरूले भोटका जगामा षर्री तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ. ११ माल पौष महिनामा गोठ हेर्न जान्या गोठको मालिक र गोठालाहरूलाई ११ जना घोडा चढन्या १४ जना पैदल भोट तरफका भोट्याहरू आई डांकादि १ जनालाई मारी ४ जनालाई घाइन्या गरि ४ जनालाई पक्री दिउमो भारी वोकाई राति पाना फर्काई वांधी राषन्या गरि ३।४ दिनको वाटो लगि फर्काई दियाछन् यस्ता वेहोरासंग गोठका चौरी ५ ६ सये र अरू आलमाल गैह्र सवै लुटि लै गयाछन् र १८ षोलाको छान्या अम्वरसिं थापाले लेषि पठाउदा र त्याहावाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले येस्तोराह गऱ्यापछि. हामीले पनि चुप लागी रहनु भयेन. फौज पठाउनु पऱ्यो भनि श्री मिनिष्टर जनरल भाई वम्वहादुर कुवर राणाजि र श्री भैरवनाथ १ नआ जम्याका श्री जंगनाथ १ श्री गोरखनाथ १ ज्मा पल्टन ३ तोप ८ लि फागुणका २३ दिन जांदा येतावाट केरू झुगाका किल्ला हान्न जांछन्. श्री कालिका वक्स १ वर्दवानी १ ज्मा पल्टन २ तोप ८ लि विर्गेडीयर मेजर कपतान रणसिं षत्री कुतिको वाटो जांछन्. ताहावाट पनि कपतान् अम्वरसिं कुवर राणाजी र वरष पल्टनलाई मोस्ताङको वाटो पायासम्मको रसद चौरी घोडा भेडा लुत्रु गदाहा षचर गैह्र जनावरलाई रसद वोकाई वैशाषका १५ दिन जांदा झुगा पुग्नु भन्या उर्दि दि सायेतका पुर्जि वमोजिम चैत्रका दिन ८ जांदाको

सायेत गराई मोस्ताङ पठाई दिनु वाहावाट जमा भै जान्यालाई पनि सायेतका पूर्जि वमोजिम वैशाषका ३ दिन जांदाको सायेत गरि जान भन्या उर्दि दि पठाउन्या काम गर औ जंगी ग्रैनका किताबको ढडा १ पठाई दियाको छ. यसवाट सार्न लगाई कपतानलाई सकल लेफटेनहरूलाई नकल दिनु लेषिया वमोजिमको उर्दि सवै पल्टनलाई वेस गरि वुझाई सुनाउनु भनि उर्दि दिनु . आहा पनि पल्टन पिछे . राइतर १ वहिदार १ जांछन् . ताहा पनि येसै रितले पठाउनु सिपाहिका फिजवानलाई कम्वरि ३।३ गोलि गठार ३।३ पत्थर दिनु . श्री वरष पल्टनका पिपा षलासि र श्री सम्सेर जङ्ग पल्टनका पिपा षलासि गैह्र स्मेतलाई पिपा १ मा ४० गोलि गठा र ४० पत्थर दुई महतापका दर्ले भारी हालि पिपा षलासिले उठायासम्म पल्टनका साथ रवाना गरी दिनु पट्टी १ ले आफैंले वोकि लैजानु पर्न्या . फलाम्या भाडा चुच्या ३ को दाला ३ चांड्या ३ घन १ गल ११ वंचरो १ षुर्पा ३ महाताप वालन्या चिमता १ जमा थान १६ का दरले पट्टी पट्टीमा वाडी दिनु . कुम्भी पात ताहा जगेरा छ भन्या ११ हातको पलैता वाढ्याको सिपाहि फिजवानलाई वाडि दिनु. पल्टनका नीसान ताही राषि प्रजा गर्नु नीसानका वदलामा झंडा तयार गरि तिनै नीसानलाई वोकाई पठाई दिनु . अफिसर गैह्र सवैले वंदुक लि जानु . तिनहरूका आपना वंदुक छन् भन्या वढीया भयो रहेन छन् भन्या ताहा जगेरा रह्याका वंदुक मध्ये अफिसर गैह्र लैन हवल्दार कप्रेलतकलाई वंदुक दि विदा गरि पठाउन्या काम गर्नु भरि सक्य झुगाको कील्ला आहावाट गयाका पल्टनले दषल गर्ला आहाकाले पछि भयो भन्या वरष पल्टनले त्यो झुगा किल्ला दषल गर्नु शुभम्—

सम्वत् १९११ साल सौर मानेन चैत्र मासे दिन ८ गते सोमवार सरे दिन गत घटी १६ पला ३६ मा श्री वरष पल्टनलाई उत्तर दिशाको यात्रा शुभ दायक छ शुभम्—

सम्वत् १९१२ साल सौर मानेन वैशाष मासे दिन ३ गते शनिवारसरे रात्रिगत घटि ८ पलेषु ११ पश्चीमाभिमुखे श्री वरष पल्टनले पर भूमि प्रवेशको सायेत गर्नु—

### चैत्र वदि ३ रोज ३ मा

श्री प्राइम मिनिष्टरवाट मेजर कपतान सताराम षत्रीलाई लेखि गयाको सिढी भयाको उकालो वढालो भ्रष्याङ पन्याको ढाङमा तोप ठोकिंदो रहेछ . ठुलाठुला षरका मुठा राषि सिढिसिढीमा वध्याई थोरै मानिसले काध हालि अगाडि पछाडी विचमा ३ ठाउं वांधी उचाल्दै सार्दै विकट कटाईसम्म मसिना वाटामा वोकाई लैजान्या काम गन्याको छु भनि लेष्याका कुरालाई विकट वाटामा वाटो वनाई संभारसंग लैजान्या भनि तिमीलाई पठायाको हो वढीया गन्याछौ येस्तोपलाई राम्रो सह्यार संभारसंग लैजान्यालाई वोकन्या डोरी १०० जना मानिस भया देषी सह्यारसंग जान्या रहेछ भनी लेष्याका कुरालाई अव उप्रान्त तोपलाई तेही मेजासंग वोकाई पठाउन्या काम होला साघु हालन भनी अघी विष्ट कपतानले औमान षत्रीलाई अह्रायाको हो . २।३ ठाउंमा साघु नपन्याका रहेछ जुनजुनको अम्वल हो उस गाउ झारा गरि वनाउनु लाउनु भनि मर्जि भया वनाउदा हुं भनि लेष्याका कुरा- लाई जुनजुन गाउको अम्वल वडा पर्छ उसै गाउलाई झारा गरि वनाउनु भन्या दस्षत स्मेत भै १।२ दिनमा आउन्या छ वाटो वनाउन्या काम गर्नु शुभम्–

### चैत्र वदी ४ रोज मा

श्री प्र इम मिनिष्टरवाट श्री विर्गेडीयेर जनरल षड्ग वहादुर कुवर राणाजीके लेषिगयाको अठार सय षोलाका हाम्रा रैयतहरूले भोटका जगामा षर्चरी तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ पौष महिनामा गोठ हेर्न जान्या गोठको मालिक र गोठालाहरूलाई ११ जना घोडा चढन्या १४ जना पैदल हिडन्या भोट तरफका भोट्याहरू आई डाका दि १ जनालाई मारी ४ जनालाई घाइत्या गराई ४ जनालाई पक्री दिउसो भारि वोकाई राति पाता फर्काई वांधी राषन्या गरी ३।४ दिनको वाटो लगि फर्काई दियाछन् गोठका चौरी ५।६ सये र अरू आलमाल गैह्र सवै लुटी लै गयाछन् र १८ से षोलाका द्वान्या अम्वरसि थापाले लेषि पठाउदा र आहा वाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले यस्तो राह गन्यापछि हामीले पनि चुप लागि रहनु भयेन फौज पठाउनु पन्यो श्री मिनिष्टर जनरल भाइ वम्वहादुर कुवर राणाजी र श्री भैरवनाथ

१ नवा जम्याको श्री जंगनाथ १ श्री गोरषनाथ १ ज्मा पल्टन ३ टोप ८ लि फागुनका २३ दिन जादा सोमवार-का दिन येतावाट केरू झुगाको किल्ला हान्नलाई विदा भै हिड्या . श्री कालि वक्स १ वर्दवानि १ ज्मा पल्टन २ तोप ८ लि श्री विगिडीयेर मेजर कपतान रणसिं षत्रि कुतिको वाटो गया श्री वरष पल्टन मोस्ताङको वाटो गरि वैशाषका १५ दिन जांदा झुगा पुग्न जान्छन् म यतावाट सिकारजुङ पुग्यापछि तिमीले डिगर्चा हान्न जानु पर्न्या छ आफनु सवै कुराको तयार गरि राषनु भन्या कुरा अघि लेषि गयाको हो अवर चांडै जानु पर्न्या डवल छ आफनु फौज षर्षजाना रसद लाउन्या दोचा वषु गैह्र जान्या वेलालाई हर्कट नहुन्या गरि तयारी भैरहनु ताहावाट लेषिगयापछि येकछिन विलम्व नगरि हुकुमको सायेत गरि सिवाना देषि वढन्या काम गरौला येस तरफ येस्तो भयापछि तेस तरफ पनि डाकादि नआउनन् आफ्नु हुसियारि गरि रहन्या काम गर्नु जंगी ऐनको किताबको ढडा १ पठाइ दियाको छ . येसवाट सार्न लगाई कपतानलाई सकल लेफटेनलाई नकल दिनु लेषिया वमोजिमको उर्दि सवै पल्टनलाई वेस गरि वुझाई सुनाउनु भनि उर्दि दिनु सिपाहि काफि जवानलाई कंवरि ३।३ गोलि गठा र ३।३ पत्थर दिनु . ताहाका पल्टनका पिपा षलासि गैह्रलाई पिपा १ मा ४० गोलिगठार ४० पत्थर ४ महतापका दरले भारी हाली पिपा षलासिले उठाया-सम्म पल्टनका साथ रवाना गर्नु पट्टी १ ले आफैले वोकि लैजानु पर्न्या फलान्या भाडा चुच्या ३ को दाला ३ चांमा ३ घन १ गल १ वंचरो १ षुर्पा ३ महताप वालन्या चिता १ ज्मा थान १६ का दरले पट्टि पट्टिमा वाडीदिनु कुम्भी पाटको १० हात्या पलैता वाप्राको सिपाहि जन-लाई वाडी दिनु पल्टनका निसान ताही राषि पुजा गर्नु निसानका वदला झंडा तयार गरि तिनै निसानलाई लैजानु अफिसर गैह्रले वन्दुक लि जानु तिनहरूका आफ्ना वन्दुक छन् भन्या वढीयै भयो रहेन छन् भन्या ताहाका जगेराका वन्दुक मध्ये अफिसर गैह्र लैन हवल्दारक प्रेल-तकलाई वन्दुक दिनु औ तिनीहरूका नाउंमा ल्हासा डिगर्चा भोट तरफवाट चिठीपत्र लिआ ताहा हामीसंग भेट गर्न आउन्या र ताहा तिह्नेरूसंग भेट गर्न आउन्या-हरूले सेतो धोजा घुमाई आउने वकिल हुन् तिनहरूलाई वन्दुकतिर कमान भाला वर्छा वाहेक आपसाली आहु-डन्याहरूमा २५।३० जनासम्म आउन दिनु यस्ता रितसंग आउन्यालाई जसले हतियार चलाई मार्ना दुःख देला तेस्तालाई जंगि ऐन वमोजिम काटियेला भन्या वेहोराको दस्षत १ पठायाको छ . सो वमोजिम उर्दि दिने काम गर्नु औ हिमालयेध्वज पल्टन आउन्या छ . तेस पल्टनलाई चाहिन्या षलंगा वनाउनु लगाइ राषनु भनि अघि लेषि गयाको हो . सो वमोजिम गर्न्याके होला चैत्र वदि २ रोज २ का दिन हिमालयेध्वज पल्टन विदा भै तेस्तरफ कुच भयो पल्टनकासंगमा मेजर कपतान जग्य वहादुर घर्ति र कपतान उधौ कार्किहरू आयाका छन् लेफतेन नैनसि वस्न्यात लेफटेन वसन्त गिरि असवाव षजानाका साथमा आउन्या छन् शुभम् —

चैत्र वदि ४ रोज मा

श्री प्राइम मिनिष्टरवाट श्री मेजर जनरल कृस्नध्वज कुवर राणाजिलाई लेषिगयाको १८ सये षोलाका हाम्रा रैतिहरूले भोटका जगामा षर्चरि तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ पौष मैह्नामा गोठ हेर्न जान्या गोठका मालिक गोठालाहरू ११ जना घोडा चढन्या १४ जना पैदल हिड्न्या भोट तरफका भोट्याहरू आई डाका दि १ जनालाई मारी ४ जनालाई घाइत्या गराई ४ जनालाई पक्री दिउसो मारि वोकाई राति पाता फर्काई वांधी राषन्या गरि ३।४ दिनको वाटो लगि फर्काई दिया छन् . गोठका चौरी ५।६ सये र अरू आलमाल गैह्र सवै लुटी गयाछन् भनि १८ सये षोलाका द्वान्या अम्वरसिं थापाले लेषि पठाउदा र ताहावाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले यस्तो राह गर्न्यापछि हामीले पनि चुप लागि रहनु भएन फौज पठा-उनु पर्न्यो श्री भाई मिनिष्टर जनरल वंवहादुर कुवर राणाजी र भैरवनाथ १ नयां जम्याको श्री जंगनाथ १ श्री गोरषनाथ १ ज्मा पल्टन ३ तोप ८ लि फागुन मैह्नाका २३ दिन जांदा येतावाट केरू झुगा किल्ला हान्नलाई गयो . श्री कालिवक्स १ श्री वर्दवानि १ ज्मा पल्टन २ तोप ८ लि विगिडीयेर मेजर कपतान रणसिं षत्रि

कुतिको वाटो गया . श्री वरष पल्टन मोरताङ्को वाटो गरि वैशाषका १५ दिन जांदा झुगा पुग्न्या गरि जांछन् . सिवाना देषि वढन्या कुरालाई आहावाट जवाफ गयापछि वढौला भन्या विस्तार अघि लेषि गयाको हो अवर चाडै जानु पर्न्या डवल भैरहेछ . आफना फौज षजाना रसद लाउन्या दोचा वषु गैह्र जान्या वेलालाई हर्कत नहुन्या गरि तयारि भैरहनु आहावाट लेषि गयापछि एक छिन विलंव नगरि हुकुमको सायेत गरि सिवानादेषि वढन्या काम गरौला तेस्तरफ पनि डाका दिनआउनन् आपनु होसियारी गरी रहन्या काम गर्नु जंगि ऐनको ढडा १ पठाई दियाको छ . येसव ट अर्को सार्न लगाई कपतान-लाई सकल लेपटेनहरूलाई नकल दिनु यस्मा लेषिया वमोजिमको उर्दि सवै पल्टनलाई वेसगरि वुझाई सुनाइ दिनु भनि उर्दि दिनु. आहापनि पल्टन पिछे राइटर १ वहिदार १ जांछन् . ताहा पनि पल्टन जांदामा येही रितसंग पठाउनु सिपाहि काफि जवानलाई कम्वरि ३।३ गोलि गठा र ३।३ पत्थर दिनु . ताहाका पल्टनका पिपा षलासि गैह्रलाई पीपा १ मा ४० गोलि गठा र ४० पत्थर ४ महतापका दरले भारी हालि पिपा षलासि-ले उठायासम्म पल्टनका साथ रवाना गर्नु पट्टी १ ले आफैले वोकि लैजानु पर्न्या फलाम्या भाडा चुच्या ३ कोदाला ३ चांट्या ३ घन १ गल १ वंचरो १ षुर्पा ३ महताप वालन्या चिमता १ जमा थान १६ का दरले पट्टी पट्टीमा वाडी दिनु कुंभी पातका १० हान्या ५ लैता वाप्राको सिपाहि फिजवानलाई वाडी दिनु पल्टनका निसान ताही राषि पूजा गर्नु निसानका वदलामा झंडा तयार गरी यिनै निसानलाई वोकाई लैजानु अफिसर गैह्र सवै वंदुक लीजानु. तिनीहरूका आफ्ना वन्दुक छन् भन्या वढीयै भयो रहेन छन भन्या ताहाका जगेरा वन्दुक मध्ये अफिसर गैह्र लैन हवल्दार कप्रेलतकलाई वंदुक दिनु निमीहरूका नाउमा ल्हासा डिगर्चा भोट तरफवाट चिठीपत्र ली आहा हामीसग भेट गर्न आउन्या र ताहा तिमीहरूसंग भेट गर्न आउन्याहरूले सेतो धोजा घुमाई आउन्या वकिल हुन् तिमीहरूलाई वन्दुक तिर कमान भाला वर्छा वाहेक च्यापसाली आउन्याहरूमा २०।२५ जनासम्म आउन दिनु यस्ता रीतसंग आउन्यालाई जसले हतियार चलाई मार्ला दुःख देला तस्लाई जंगी ऐन वमो-जिम काटीएला भन्या वेहोराको दस्षत १ पठायाको छ . सो वमोजिम उर्दि दिन्या काम गर्नु शुभम—

चैत्र वदी ४ रोज ४ मा

---

गोर्षा श्री सर्कारवाट ल्हासाका टुंटारीन अम्वालाई लेषि-गयाको भोटले विजाइ गऱ्याको कुराको विस्तार अघी कार्तिक महिनामा गयाका चिठीको उत्तरमा आफुवाङ्को चित्त वुझन्या गरि पठाउला भन्या कुरा आफुहरूवाट लेषि आउदा वाटो हेरी रह्याकै थ्युं तस्तै वीचमा दोसाध देषी उभो भोटको साष्या ढेवाका जगामा षचंरी रूपित्रा तिरी अघीदेषि हाम्रा रैयतहरूको चौरी गोठ रहंथ्या येस पटक भोटले गोठका मालिकहरूलाई मारी माल असवाफ लुटीलियाको हाम्रा अठार सय षोलाका द्वाऱ्या अम्वरसिं थापाले हामीसंग चिठी लेषि विन्ति गरि पठा-उदा भोटले विजाई गऱ्याको सहन सकेनौ भोटसंग चढाई गर्ना निमित्त फौज विदा गऱ्यौ भन्या विस्तार फागुन वदी ३० रोज ६ का दिन लेषि पठायाका पत्रले जाहेर भयो हो फेरी पनि फागुन महिनाका २२ दिन जांदा आहावाट विदा गरि फौज हिडाञ्युं वैशाष मंह्ला-का १५ दिन जांदासम्म हाम्रा फौज केरूंवाट झुगा नाघन्या छैन कुतिवाट भैरव लंगुर नाघन्या छैन पश्चिम-को फौज ताकलाषारदेषी वढन्या छैन मोस्ताङ्को झुगा-देषि वढन्या छैन . पूर्वको फौज सिवानादेषि वढन्या छैन. उसै ठाउमा रहन्या छन् ताहासम्ममा भोटवाट घा गऱ्या सतुक भयो भन्या हाम्रो फौज फेरी आउन्या छन् . घां सलुक भयेन भन्या लडन्या छ श्री ५ वादशाहलाई अघिदेषि मुष पेटले येकत्व मानि आयाको छ. अव उप्रान्त पनि मान्यै छौ श्री ५ वादसाहका हकमा आयाले पनि हेर्न सक्तैन हात जोरीनुह्याका छौं तसनिमित्त ग्यामि चिनिञा सिपाहिहरूसंग कदाचित् लडन्याछैन आफुहरूका तरफ ग्यामि सिपाहि टिगरिमा आई २५ जना वसिरह्या छन् भन्या षवर सुनिछ . अन्त पनि जाहा जाहा रह्याका छन् ज्यामिहरूलाई गोर्षा र भोटका लडाञीमा फरक भैरहन भन्या आफुहरूवाट उर्दि दि फरक राषी दिनु भया वढीया होला हुलमुलमा केहि गरि जषम हुन गया

भन्या किन यसो गऱ्याछन् भन्या कुरा आफुहरूलाई पनि जाला भंना निमित्त चिठी लेषि पठायाको हो. येस्कुराको वचाउ आफुहरूवाट गर्नै हुन्याछ. भोटले हाम्रा लडाञीका निमित्त लागयाको कर वर रूपैञा दिया घां गर्न्या छौ उसै माफिकको मुलुक दिया पनि घां गर्न्या छौ. भोटवाट अघि हात छोडी लडाञी गऱ्या भन्या उनले सक्याको मुलुक उनैले अम्वल गर्नन् हामीले सक्याको मुलुक हामीले अम्वल गरौला. भोटलाई हामीले जितन सक्यौ भन्या श्री ५ वादसाहलाई अघि भोटले मान्या भन्दा पनि ज्यादा गरि मुषपेटले येकत्व भै मान्याछौ शुभम्—

चैत्र वदि ६ रोज ६ मा

ताहापछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्नध्वज कुवर राणाजीले चह्राई पठायाको कंपनी ली आहा आउनु पर्न्या काजी मेजर कपतान हजुरमा अघी आई पुग्न्याहरूको पौचनामा अघी चह्राई पठायाको हो. पुगी विस्तार जाहेर भयो हो सुवाविर भंजन माझि जंगि रसद षर्च जानालाई पाल्पामा हुंदि भै आयाको ४०७०० रूपैञा मध्ये २८६६२ रूपिञा सिका पाल्पावाट हाम्रा मानिसका जिम्मा गरि पठाइदिया छन्. इनि रूपैया आहा जुमला आई पुग्दा यहा वटही गर्न षोजदा मोहर रूपिञा सिका रूपिञा आहा सरोवर यकै नाउ रहेछ. यहा आइ पुग्याका सिका रूपैया फेरी वुटौल पठाई वटही गरी ल्याउन पर्दा यहावाट सिका रूपिञा पठायाको छ. तिमीले वटहीको वेहोरा वाधी मोहर रूपिञा ली आउन्या काम गर्नु भनि यहावाट लेषिगयाको हुनाले सिका रूपिञा वटही गरी मोहर रूपिञा ली फागुनका २२ दिन जांदा यहा आइ पुग्या. मुकाम जुमला गल्फादरा शुभम —

४८) चैत्र वदी ७ रोज ७ मा

तसै वषत श्री प्राइम मिनिष्टरका हजुरमा श्री विर्गेडियेर जनरल षड्ग वहादुर कुंवर राणाजीले चह्राई पठायाको फागुन वदी १४ रोजसम्म आहा मधेसका रसद भरीयाको र चलान भयाको मेगजीनमा षजाना असवाफ वनाई तयार भयाको वालुंचु पुग्या पछि अंगुर पार जानालाई कुन पाठले चलाई लैजान्या हो भन्या विस्तार अघि लेषि चह्राई पठायाका पत्रले जाहेर भयो हो अव फेरि चैत्र वदि १ रोज १ सम्म तयार भयाको षजाना असवाफ मधेसको रसद वालुचु तरफ रवाना भयाको येस्तरफ हाम्रा सिवाना भित्र भयाका चौरी भेडा गदाहा षचर घोडा जाचि तायेदात गरि ल्यायाको मुचुल्काको नकल स्मेत फर्द उतारि चह्राई पठायाको छ. जाहेर होला चौरी भेडाका मजुरीको कुरा गर्दा हामीहरूले मजुरीमा वोकाउन्या काम गऱ्याको छैन आज श्री ५ सर्कारका काजन ई चाहियो भन्या हाम्रो जो भयाका भारि वोकन्या जनावर हाजिर गर्छौं मजुरीको वन्दोवस्त जो गरि वक्सनु हुन्छ भनि भोटेहरू भंछन्। मजुरीका कुरालाई तेस्तरफ वन्दोवस्त भया माफिक शिक्ष्या वक्स्या मजुरीको वन्दोवस्त काम गरूंला मधेसको रसद दुनियालाई वोकाउंदा १२ हजार ८ पाठीका दरले भारी ३० हजार हुंदा घरलाई ४ षेप दरवन्दी लाग्यो. अवर षेतिपातिको याम पनि भयो. आफ्ना घरको दरवंदी लाग्याको रसद पनि वालुंचु इनैले वोकि पुऱ्याउनु पर्न्या छ. मधेसको रसद १२ हजार मुरिदेषि वढता वोकाउनलाई पाहाडका दुनीञालाई टटा गर्न जालाकि भन्या जस्तो लाग्छ. १२ हजार मुरीसम्म वीजैपुरवाट चलान गर्न्या र ४ हजार मुरी श्री पींडेश्वर महादेवका मठमा जगेरा राषन्या काम गऱ्या पाहाडका रसदलाई र दरवंदी वमोजिम ताकित गरि राष्याको छ. म वालुंचु पुग्यापछि जिल्ला जिल्लामा सिपाहि पठाई रसद झिकाई गोदाम घरमा भर्न्या काम गरूंला मैह्ला डेढा मैह्लासम्ममा पाहाडको रसद उठी आई सकन्यैछ वालुंचु जानालाई फागुनका १८ दिन जांदा मेरो र १७ दिन जांदा तोपको सायेत ठहर्दा सायेतमा प्रस्थान सान्र्या काम गऱ्या आहा आउन्या श्री हेमालयध्वज पल्टनलाई छाउनि पनि तयार गर्न लाउन्या काम गऱ्या पिपा षलासि पनि सय छविस भर्ना गर्न्या अरू पनि जिल्ला जिल्लामा सिपाहि पठाई झिकायाको छ आउदैछन् मर्जि वमोजिम चाहिन्या भर्ना गरि सर्कि इन्को नाउ नमेसि वतन समेतको हाजिरी फर्द चह्राई पठाउन्या काम गरूंला वालुंचुमा आड् षलंगा वन्याको नक्सा उतारी चह्राई पठायाको छ. जाहेर होला पलंगा आड्का जगालाई नक्सा लेषेर देषन्या मानिसहरूले वतायाको वुझदा वैरीको

गम उस्तो लाग्या रहेनछ भन्या जस्तो लाग्छ. गोदाम घर मन्या अघि चाडो ताकिति गरि तयार भयो आइलाई फागुन लाग्यादेषि गोलामा वरोवर हिउं पर्नाले काम गर्न नसक्दा आजसम्म ढिल भयाको हो अवता हिउं पनि हट्दै जान लाग्यो १२।१५ दिनमा आड पनि तयार होला. श्री हिमालयेध्वज पल्टन फागुनका १०।८ दिन जांदा तेस्तरफ रवाना हुन्याछ भनि अघि लेषि वक्स्या को हो त्यो पल्टन पनि आजसम्म आइ पुगेनन् यामले भन्या भोट तरफ जानाको पनि वषत भयो रसद षजाना-हरू पनि चाहिया माफिक तयार भयाको छ. ताहावाट आउन्या श्री हिमालयध्वज पल्टन आहावाट म पनि पल्टन ली वालुंचुं जान्या काम गरूंला. अव सवै चाहीन्या काम कुराको सिक्ष्या मर्जि भै आया वमोजिम वन्दोवस्त अन्जाम वांधी ताकिति गर्न्या काम गरूला मुकाम धन-कुटा शुभम्—

षामभित्र परि आयाको पुर्जी

हदिया च्यांतां स्मेतका गोवा मझिया भोट्या रैयत गैह्लको मुचुल्का वमोजिम जनावरको तपसिल—

| असामी— | चौरी | झोवा | भेडाच्यांग्रा | घोडा | जमा |
|---|---|---|---|---|---|
| हटीयाका— | ४९ | ४५२ | २९१ | × | ७९२ |
| हिंदानाका— | ८ | × | × | × | ८ |
| च्यांतांका— | ५३ | २३७ | २४७ | २ | ५३९ |
| वालुंचुं | २४८ | × | ५०७ | ५ | ७६० |
| तोपक्यामोला— | ३४ | × | १४३ | ६ | १८३ |
| उन्ढीकिका— | १ | ६९ | ३८ | × | १०८ |
| | ३९३ | ७५८ | १२२६ | १३ | २३९० |

वीजैपुरमा भरीयाको चावल जमा मुरि— १६००० ।-।

येसमद्ये पिंडेश्वर मठमा जगेरा रह्याका मुरी- ४००० ।।

वांकि वालुंचुं चलान गर्न्या मुरी— १२००० ।.।

ताके चैत्र वदी १ रोज १ सम्म चलान भयाको भारी २७००० के दर ।८। ले मुरि— १०८०० ।.।

वाकि चलान गर्नु पर्न्या भारी ३००० के दर ।८। ले मुरी— १२०० ।.।

चैत्र वदी १ रोज १ सम्म षजाना तयार भयाको तेरीज—

| | |
|---|---|
| तोपको जंगि गोला— | १६०० |
| ऐका गिराफ— | २०००० |
| ऐका धातुको फुटन्या गोला— | ६० |
| वन्दुकको गोली स्मेतका कार्तोस पिपा ७०० के— | २३७५०० |
| पिपा ३५० के दर गठा ३५ ले गठा १२२५० के— | १२२५० |
| पिपा ३५० के दर गठा ३० ले गठा १०५०० के— | १०५०० |
| तोपको पुटफैर— | २०० |
| ऐ का महतोप— | ४०० |

अरू चाहिन्या असवाफ स्मेत तयार भयाको छ—

चैत्र वदी ७ रोज ७ मा

तस्तैवीचमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको आजका १२ घडी दिन वाकि छंदा तोप असवाफ स्मेत ली हजुरका मेहनमानगीले साघुसम्म पुग्यौ झुगाको र केरूंको नक्सा लेष्याको कागज जमिन नापन्या जंतर पठाई वक्स्या वढीया होला शुभम्—

चैत्र वदी ८ रोज १ मा

ताहापछि श्री मिनिष्टर जनरलका हजुरमा षजांचि सिद्धिमानसिं राजभण्डारीले चह्राई पठायाको ताहावाट मर्जि भया वमोजिम केरूंको नक्सा र झुगा किल्लाको नक्सामा श्री प्राइम मिनिष्टरका वाहुलिका अक्षर भयाको नक्सा स्मेन ३ श्री प्राइम मिनिष्टर साहेववाट पठाइ वक्सनु भयाको छ. नजर भै जाहेर होला औ हाम्रा तरफ मिल्याका केरूंका १०८ भोट्या र पांच सये षोलाका जान्यासुन्या १०८ भोट्या जमा २०१२५ लाई दर्माहा वक्सी नोकर राषी चेवा चर्चालाई राषोस् भनि मर्जि भयाको छ सो वमोजिम मैह्लावारी दर्माहा वक्सी २०१२५ जना मानिसलाई आपनासंगमा राषि चेवा चर्चा गर्न लाउन्या काम गरी वक्सन भया वढीया होला घडीवाल-को ठेगाना भयो १०८ दिनमा ताहा हाजिरी हुनन् शुभम्—

चैत्र वदी ९ रोज २

श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको नक्साका कागज ३ जमिन नापन्या जंत्र ३ पठाई वक्सनु भयाको चैत्र वदी ८ रोज २ मा आई पुग्यो तोप षजाना लस्कर सवै ली म आज ग्रामा वस्यां रसुवा पुग्यापछि सवै कुराको हेर्चाह गरि विन्ति चह्राई पठाउला केरू झुगा टीगरि तरफ वुझनु भनि पठायाको छ . जो षवर आउला विन्ति चह्राई पठाउला शुभम्—

चैत्र वदी ६ रोज २ मा

तस्तै वषतमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्नध्वज कुवर राणाजीले चह्राइ पठायाको ताहा सामेल भयाका पल्टन कंपनीको भर्ना जनावर षालि षाल्सा स्मेत जगाई नाउ नमेसी हाजिरी पठाईदिनु भन्या अति सिद्दयाको पत्र अघी मलाई वक्सी आयाको हो सवै पल्टन सामेल भै नसक्याको हुनाले २।४ दिन ढील हुन गयाको हो सवै पल्टन सामेल भया र हाजिर तयार गरि चह्राई पठायाको छ श्री लेफटेन जनरल दाज्यै ज्यू वाट हजुरमा दाषिल होला मुकाम जुमला गल्फा दरा शुभम् -

श्री प्राइम मिनिष्टरका हजुरमा नाइक्या रामसुन्दरले चह्राई पठायाको स्याठाकाजिले डाकि पठाउंदा चैत्र वदी ९ रोजका दिन टिगरिवाट ल्हुचि जंगला शुभम्—

चैत्र वदि १० रोज ३ मा

श्री प्राइम मिनिष्टरका हजुरमा संभुका लामाले भोट्या अक्षर लेषि चह्राई पठायाको केरूमा आज आई पुगी हजुरवाट मर्जि भयाको कुरा सवै आहाका पगरीहरूलाई र नौसय प्रजा सवैलाई वेस गरि सुनाञ्यु दर्कमारे सवै मानिस भागन्या डवल छ सिवाना नाघि लस्कार आयो भोटको मुलुकमा वाटो वनाउन लागि रहेछ . यसो गरि वस्नु भयो भन्या पछि मैले पनि भोट्याहरू सवैलाई कुरा काहानि गर्न कठिन पर्छ अलिक दिन थामि वक्सनु होला म पनि भोट तरफ रात दिन गरि जाउला भनि ठान्याको हो त्रयोदशिका दिनदेखि ठूलो हिउ पर्नाले वाटो सवै हिउँले थुन्दा हिउ रह्या वित्तिकै वाटो चलाई भोट तिर जाउला न् फर्किन आउञ्याल लस्कर थामि वक्सनु भयन भन्या वन्दोवस्त गर्न्या पाठ कठिन पर्न जाला तस निमित्त थामि मेहरमानगी गरि वक्स्या जाला येति कुरा मेरो कर जोरि विन्ति शुभम्—

चैत्र वदी १० रोज ३

श्री प्राइम मिनिष्टरका हजुरमा केरूका चितु ढेवाले भोट्या अक्षरले लेषि चह्राई पठायाको हुकुम मर्जिले आयाका चितुले विन्ति गऱ्याको कुरा वमोजिमको वेहोरा ली भोट तरफ जानालाई वाटो टाढा हुनाले आजकाल हिउंठुलो वाटोमा कठिन हुनाले अलिक विस्तार हुन गयो भन्या अफसर माफ भया जाला तेस विचमा कुति केरू तरफ फौज पठाई वक्स्न्या काम र झोङमा वुझन्या मानिस पठाई वक्सनु भयो भन्या चिनिञां भोट् साहेवान् दुवैलाई हामिहरूले ढाट्याको जस्तो पर्न जाला हामीहरूको ज्यू जाहानमा पर्न्या छ . ताहासम्मलाई सिमाना ननाघी थामि वक्स्या जाला आफु वडा साहेव सर्वज्ञ हुनुहुन्छ . हामी गरिपले विन्ति गर्नु पर्दैन सिवानामा ढुंगा गाडी श्री ५ चिन वादसाहवाट चिन्हु राष्याको हो यस्मा फौज पठाई वक्सनु भयो भन्या भोट्याहरू षुसिले केहि गर्न सक्न्या छैन हजुरवाट विचार राषि वक्स्या जाला शुभम्—

चैत्र वदि ११ रोज ३ मा

चैत्रका ३ दिन जांदा भोट मुलुक कुति केरू तरफ प्रवेशको सायेत—

चैत्र वदि १२ रोज ५ मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको नक्साका कागज ३ जमिन नापन्या जंत्र ३ पुग्याछन् वढीया भयछ वेत्रावतिका डेराको नक्सा पठाई दियाछौ आईपुग्यो केरू झुगा टिगरि तरफ षवर वुझन पठायाका मानिस आई पुग्यापछि लेषन्या काम गर्न्यै छौ . वांकि ल्हासाका अम्वावाट श्री ५ सर्कारमा आयाको चिठीको उतार १ जवाफ लेषि गयाको मसौदाका नकल १ जंमा कागज फर्द ३ पठायाका छन् चिठीका उत्तरले र जवाफ लेषि गयाका मसौदाका कागजले सवै विस्तार वुझौला शुभम्—

## चैत्र वदि १२ रोज ५ मा

तसं वखत श्री प्राइमं मिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजीवाट चह्राइ पठायाको रसदका रूपैया मरमगदुर ताकित गरि पठाइदिउंला कदाचित् ढिला भयो भन्या तेस जिल्ला भरका थरि मुखिया भला-दमीहरूलाई दस्षत देखाई रसद षरिद गर्न आयाको हुन रूपिआ पछी आउन्या छ भनि वन्दोवस्त गरि दरघर वाधि गोदाम घरमा रसद भरि राषनु. रूपिआ तिमीसंग दाषिल भयापछि भरपाई वमोजिम गनि दिन्ये काम गरूंला भनि अघि कप्तान अम्वरसि कुवर राणाजिलाई लेषि गयाको हो . सो मुताविक तयार गन्याको होला . वगैर १० हजार हर्कत होला भंना निनित्त फेरी ताहाका माहाजनसंग सर सापत गरि ज्मादार हुदा सिपाहिका जीम्मा लगाई मोहर रू ३ हजार आजमज कुर कपतान-संग मुस्ताङ रवाना गर्न्या काम गऱ्या शुभम्—

श्री गोर्षा सरकारलाई ह्लासाका टुंगरिन् अम्वाले लेषि पठायाको हाङफोङ ५ साल फागुन मैह्लाका ४ दिन जादा आफुवाङवाट हामी ताटीनुलाई लेषि पठायाका चिठीको वेहोरा मालुम भयो आफुवाङवाट लेषि पठायाका कुरालाई अघी हामीवाट आफुहरूलाई लेष्याको जवाफ चाडं आउला भनि धेरै दिनसम्म वाटो हेरी पर्ष्याका थिञ्यु ढिल भै जवाफ नआउंदा फेरी आफुहरूको नाउको चिठी र चार काजिको नाउको चिठी १ श्री ५ वादशाहका हजुरमा अर्जि लेखि अघि नाइक्या भयाका रामसुन्दर हस्ते पठायाको छ. सो अर्जि र आफुहरूलाई लेष्याको चिठीले सवै विस्तार वुझनु हुन्यै छ. श्री ५ वाद-शाहका हजुरमा जौन कुराको अर्जि हामीले चह्राई पठायाका छौ उस्तै काम हामीले गर्नु पर्न्या छ . अर्जिमा विन्ति गर्नु यक थोक काम गर्नु यक थोक हामीवाट हुन्या छैन सो वुझनु होला भन्याको अर्थ हामीले विचार गर्दा पोरका साल १० मैह्लामा आफुवाङवाट लेषि पठायाको चिठी आइ पुग्यो हामी ताटीनलाई लेषि पठायाको वेहोरा धेरै छन् काम धेरै हुनाले यस्ता वेहोरासित काम छिन्यौ भनि चिठी लेषि पठाउन पायेन येक पट्टी टक्सार राजा लामाज्यूलाई चिठी लेषि पठाउदा पुरानु रित नमानि जगात वढता लिन्छन्. ति झुपनहरूलाई अघि झिकाई फेरी थिचमिच लुटपिट गरि मानिस मार्न्या र आफ्ना राज्यका मानिस इ सवै टिगरिमा झिकाई धयेवु ढ्वज्य ग्यावुर कास्यांवाट षटाई पठायाको फटिकको मजुर भयाको भोट्ये पर्दा र धोज सौदुहरू वसि येक येक गरि जरा-देषि छुट्याई निर्मल गरि काम गर्नु साधि सोधि हामीलाई येतातिर विन्ति गरि पठाउनु र तिमीहरूले जो लेख्याको वेहोरा सवै वायुको चाल गरि हामीवाट श्री ५ चिन वादसाहका हजुरमा अर्जि चह्राई पठाउला श्री ५ चिन वादशाहवाट हुकुम वक्सनु भया वमोजिम हामीवाट आफु-वाङलाई चिठी लेषि पठाउला अर्जि चह्राई डण्डवत गरी सक्या पछि श्री ५ वादसाहवाट उत्तरा नआउञ्जाल आफुवाङले पर्षनु पर्छ तसअर्थ टिगरिका धयवुनहरू सवै टक्सारको मान भयाको हु तिनिहरूले सवै काम छिन्दामा सवै पगरि हुँ भनि पत्पक्षे गर्नन् भना निमित्त मनमा संखा पर्न जान्दा फेरी ताहा ह्लासाका चिनियाको पुन टांझीर भोट्या काजि वाङछोग्यावुहरूसंग टिगरिसम्म गै वेस गरि हेरी षसोषास निसाफ गर्नु भनि रोजि पठायाको छ . तिधयवुनहरूले जो सोध्याको काम निश्चय गरि सोधनन् कि सोर्धनन् रौ प्रमाण भया पनि गुप्त गर्नु हुन्दैन ति षटाई पठायाका भारदारहरूले अर्कसि सोध वुझ गरि ताहाको वेहोरा लेषि वायुको चाल गरि यामन्-मा पठाउ र सो वेहोरा हेरि सार्ह्रो निसाफ गरि मान षोसि दिउला भनि हामीले दस्षत पठाउन्या वेलामा फेरी टक्सारमा कामकाज गर्न्याले फेन आछिहु थुषेथु लामाज्यूलाई कुति केरूं २ जगाका झुपनहरूले चह्राइ पठायाका विन्ति पत्रमा लेष्याको आफ्ना राज्यको पुरानु नाइक्या रामसुन्दरले मानिस साथ लि साथमा पुगी राम-सुन्दरले भन्याको कुरा श्री गोर्षा महाराजावाट ह्लासा-सम्म जाउ भनि हुकुम भै आयाको हुं हामी ताटिनलाई चह्राई पठायाको विन्ति पत्र र भोट्या चार काजिलाई चिठी लेषि पठायाको र श्री ५ वादसाहका हजुरमा चह्राई पठायाको अर्जि हामिले छेकन सक्यौन आज पनि टिगरिमा पुग्यो. टिगरिका चिनिआ र भोट्या भारादारले ताहा वस भनि थाम्दा अैले हालसाल ताही वस्छु भनि

टीगरिमा वस्यो . तर केरूका झुपनले आफुवाङलाई चिठी लेषि विन्ति गरि पठाउदा आपना राज्यका थ्येवुन् षासुचाङ त्वेलेयन्यान् तिमि २ जना केरूमा जानु पर्छ भन्याका अर्थलाई हामि ताटिनले विचार गर्दा आफुवाट अर्जि चिठी चह्लाउनु पर्न्या भया अघिदेषि कुनिसम्म झुपन हस्ते पुऱ्याउन पर्न्या हो सोपि भन्याका चिनिआ भारादार मार्फत गरि कुलुप मारि ह्लासा हामि ताटिन् यामनमा दाषिल गर्नु पर्न्या हो आफुवाङ उत्तरा पठाउदा षेर हामि ताथिनवाट तासाङमा हालि टिगरिका सौपि भारादारवाट कुटिका झुपन मार्फत गरि झुपनले मानिस षटाइ नेपालसम्म पुऱ्याउन पठाउनु पर्न्या हो ताहा पुग्यापछि आफुवाङले जाचिलिनु पर्न्या पोहोर अघिदेषि आजसम्म मानिस षटाई ञाहासम्म पुऱ्याउन पठाउन्या दस्तुर छैन . औ पांच वर्षको एक फेरा अर्जि र आफुवाङवाट षटाई सौगात चह्लाई फर्किने नेपाल आई पुग्या पछि मेहर मानगि भयो भनि चह्लाई पठायाको अर्जि मात्र हुन्छ . अरू जेतेमेते चह्लाउनु हुन्दैन केहि कुरा अर्जि मान मिल्यादेषि हो मितुवाङ ताठिनवाट फर्काई दिन्या दस्तुर छ . वेहोरा मिलाई जोग्य प्रमाण गरि हामी ताठिन यामनमा चह्लाई पठाया हामि मार्फत चह्लाउला यो पुरानु दस्तुर भयाको ढेरै वर्ष भयो अघिदेषिको दस्तुर मानि काम गऱ्याको छ . अघिदेषि चुक्याको छैन . त्यो नाइक्या रामसुन्दर अर्जि र विन्तिपत्र चिठि लीम ह्लासामा चह्लाउन जान्छु भनि आउदा झुपनले छेकता पनि मानेन यसो गऱ्या पछि अघिका दस्तुरमा मिल्दैन फेरी टिगरिमा जानु भनि चिनिआ भारादार भोट्या भारादारलाई षटाई मेरो दस्षत मानि सरासर जानु डिगर्चादेषि टिगरिसम्म ति रामसुन्दरसग भेट भयापछि तेस्ले ल्यायाको अर्जि र विन्तिपत्र चिठी ञाहावाट गयाका भारादारहरू मुष्याजी राषि जाचिलिनु र वायुको चाल गरि ह्लासामा दि पठाउनु र हामि ताठिनले सारि हेरौला हुन्या नहुन्या ठहराउला . त्यो नाइक्या रामसुन्दरसंग जाहा भेट हुन्छ चाडै फर्कि जानु फेरी ह्लासामा नआउनु तेसो गऱ्या वाटामा कठिन हुन्या छैन रीतमा पनि मिल्छ भारादारहरू गयाको १२ साल महिनाका आषिरमा र यो साल लाग्दै फागुन महिनामा अघि पछि गरी ह्लासावाट गै सक्या आज आफुवाङवाट आयाको चिठी र झुपनहरूले विन्ति गऱ्याको कत्ति फरक छैन अस्ति आफुवाङवाट आयाको चिठीका वेहोरा पर्षनु पऱ्याको अर्थ टिगरि घयेषुले काम नछिन्दा र श्री ५ वादशाहको हुकुम ढिलो हुंदा हामिले यसै विलम्व गऱ्याको होइन . श्री ५ वादशाहवाट हुकुम मैं आया र टिगरिका धयेवुन्वाट काम छिन्यो भन्याको उत्तराको चिठी आया हामी ताठिनले जस्तोको तस्तो सवै एक गरि निर्मल गरि काम छिन्यौ भन्याको चिठी आफुवाङले वुझन्या गरि लेषि पठाउला वाकी रामसुन्दर आजकाल टिगरिमा होला आफुवाङसंग यो चिठी पुग्यापछि ति नाइक्या केरूमा षटाई पठायाका ग्येवुषासु वोङवहरूलाई चांडै दस्षत लेषि छुट्टि गरि झिकाउनु र रामसुन्दरले ल्यायाको अर्जि र विन्तिपत्र चिठी ञाहावाट षटाइ पठायाका भारादारलाई हाजिर गरि सौपिदिनु इनहरूले जाचि लियापछि मार्फट गरि ह्लासामा पठाइ दिनु हामी ताठिनले रित वमोजिम सारि हेरौला त्यो अर्जि र विन्तिका चिठीमा जो भयाका वेहोरा सवै रित नमानि छोड्यादेषि हामी ताठिनले कसो गरि चह्लाई पठाउन्या हो . दस्तुरमा मिलन्या भया विचार गरि काम छिनि दिउंला . जो विन्ति गरि पठायाको अर्थ वुझदा ज्यूको माया मारि काम गऱ्या कठिन हुन्याछ दस्तुर भयाको ठुलो हो . छोडनु हुन्दैन जो भयाको काम सवैथोक आफुवाङले विन्ति गरि पठाया छौ काम नछिन्यासम्म पर्षनु पर्ला आफुवाङले श्री ५ वादसाहको मेहेर नछोडी ठुलो दया मेहेर सम्झि रहनु पर्छ तसर्थ यो चिठि पठायाको हो . श्री हाङवाङ ५ साल फागुन मैह्लाका १० दिन जांदा भोट ह्लासा यामन श्री गोर्षा सरकारवाट ह्लासाका टुंनारिन् अम्वालाई लेषि गयाको ५ वर्षको श्री ५ वादसाहका हजुरमा जान्या मामुलि अर्जि वाहेक अरू जेन्या मेन्या चिठी मानिसका साथ गरि ह्लासा पठाउन्या दस्तुर छैन भनि लेषनु भयाका कुरालाई अघि कार्तिक महिनामा आफुहरूलाई लेषि पठायाका चिठीको ढेरै दिनसम्म आफुहरूवाट जवाफ नआउदा भोटका षेलले जवाप आउनलाई ढिला हुन गयाको हो भन्या वेहोराले आपना मानिस साथ गरि आफुहरू छेउ पठाया. चाडै जवाप आउला ढिल हुन जावैन

भना निमित्त भोटले हामीसाथि विजाइ विद्दत गऱ्याका सवै कुराको विस्तारको अर्जि र श्री ५ वादसाहका हजुरमा आफुहरूका नाउमा र ल्हासाका ४ काजिका नाउंमा चिठी लेषि नायेक रामसुन्दरलाई साथ गरि ल्हासासम्म पठायाको हो . अरू जेन्यामेन्या कुरालाई होइन मुलुक जान्या आउन्या लाषौ प्राणिको कत्तल हुन्या वेहोरा हुनाले पठायाको हो . आफुहरूका चित्तमा मानिस साथमा आउन्या दस्तुर छैन . नायेक रामसुन्दरलाई फिराई अर्जि चिठीमात्र झिकाउन हुन्छ तापनि मुलुक सम्वन्धी ठुलो वेहोराको अर्जि चिठी लि आउन्यालाई ता झिकाउन्या हो भन्या ठहर्छ तापनि आफुहरूको षुसि नायक रामसुन्दरलाई टिगरिमा रह्याका भारादारले अर्जि चिठी ली जाउ भन्छन् भन्या ल्हासा जानु फर्कि जाउ भन्छन् भन्या अर्जि चिठी ताहि छोडी आउनु भन्या पर्वाना लेषि पठाउन्या काम गऱ्यौं . येक बेहोराको टिगरिमा पठायाको भोट्या भारादार चिनिया भारादार वाट जरादेषि निर्मल गरि लेषि आयाको सवै वेहोराको अर्जि श्री ५ वादशाहका हजुरमा लेषि चह्राई पठाउला . श्री ५ वादसाहवाट उत्तरा नआउज्यालसम्म पर्षनु पर्छ भनि लेषनु भयाका कुरालाई अघि आफुहरूवाट इ सवै कुराको जरादेषि निर्मल गरि अघ्यौली गर्न्यालाई डंड गरूला षर्ष लाग्यो भन्या कुराको विचार गरि आफुवाङ्को चित्त वुझन्या गरि चिठी लेषि षठाउला भन्या लेषि आउदा आफुहरूवाट लेषि आयाको मानि फौज रवाना गऱ्यौ भन्या लेषियाको थियो तापनि फौज थामि वाटो हेरि पर्षि रह्याकै थिञ्यू यैस्तै विचमा हाम्रो भोटका जगामा षर्तरि वस्याका मानिसहरूलाई काटि चौरिमाल असवाफ लुटि लैगयाको षवर आउदा भोटले सान्है मिच्याको सहन नसकि भोटसंग लडाञी गर्ना निमित्त फागुन मैह्नामा फौज रवाना गऱ्यु वैशाषका १५ दिन जांदा अरू फौज रवाना हुन्याछन् इ फौजलाई तिमीहरूले केरू झुगादेषि भैरव लंगुर ननाघनु केरू कुतिका माहाजन रैयतहरूलाई लुटपिट नगर्नु ग्यानि चिनिया सिपाहिसंग नलडनु भोटका मानिसहरूले हातहतियार लि लडन आयो भन्या हातहतियार चलाउन्यासंग मात्र लडनु विच कसैलाई केहि नगर्नु भन्या फौजलाई हुकुम पठायाको छ . सो वमोजिम रहन्या छन् . वैशाष मैह्नाका १५ दिन जांदासम्ममा भोटवाट येक करवड रुपैञा र अघिको हाम्रो पुरानु कुति र केरूको कुकुटघाट सांध हो पश्चिम सिषहरू आउन्या वाटो थुन्ना निमित्त ताषलाषारको सांध भोटले येति कुरा दिया गर्छन् भन्या हाम्रो चित्त वुझि घा पनि गर्छौं लडाञी थामदछौ वैशाषका १५ दिन जांदासम्म येति कुरा भोटले गर्दैनन् भन्या पछाडि हाम्रो लस्कर थपिया पछि घा सलुक गर्छौं गर्न्याछौन जाहासम्म भोटको राज्ये लिन सकौंना लिन्याछौ भौटले सक्यासम्म हाम्रो मुलुक लिनन् हामि ताठिनले विचार गर्दा जियको मायामारि काम गऱ्या कठिन हुन्या छ . दस्तुर भन्याको ठुलो हो भनि लेषनु भया कुरालाई भोटले हाम्रा ज्यू मान्या धन लि चार पाइ लुट्या पछि हाम्रा दर्वारको इजत हुर्मत गयो जाहासम्म भोटले गऱ्यापछि हामीले जिउको मायामारि भोटसग लडाञी गर्न तयार भयाका हौं ताहा आफुहरूवाट गोर्षा मिलुन भनि वेस निसाप गर्नाको मनसुवा गरि टिगरिमा भोटका भारादार चिनिया भारादारलाई षटाई पठाउनु भै गै प्रमाण जति पनि फरक नपर्न्या गरि निसाफ गरौंना भनि लेषि पठाउनु भयो थ्यो तपाञीका लिषत वमोजिम हामी रह्याका थिञ्यू यस्तो लडाञी हुन्या कुरा पऱ्याका बेलामा भोटले आफुहरूको भय नराषि फेरी हाथा १८ सै षोलामा रैयतहरूको पुष मैह्नामा ज्यू मारि धन लुट्या पछि अव इ भोट्याहरूको नास नगरि छाडदैनौ भनि हामीले भोटमाथि फौज रवाना गऱ्यौ भोटले जाहासम्म गऱ्यापछि र हामीले लडाञी गर्नालाई फौज रवाना गऱ्यापछि भोट र गोर्षाका वीचमा आफुहरू फरक भै रहनु भया वढिया होला गोर्षाले भोट्यालाई जित्या पनि जस्तो अघिदेषि मानि आयाका छौ उस भंदा पनि ज्यादा मायाको गोर्षालाई ताहा भोटले जित्न्या भन्या पनि श्री ५ वादशाहलाई भन्या छन्. चिनिञा सिपाहि टिगरिमा भोटका लस्करमा छन् भन्या कुरा सुनिछ . ति सिपाहिहरू झिकि वक्सनु होला . चिन श्री ५ वादशाहका सिपाहि ताक्यां कुकुरसग पनि लडन्या को सामर्थ हाम्रो छैन चिनिया सिपाहिलाई झिकिदिनु हवस भनि हामीले अगावै विन्ति गरि पठायाको हो . भोटका लस्करमा मिसिन गै हामीले नचिह्नि ति सिपाहि मर्न गयो भन्या पछि श्री ५ वादशाहवाट हामीलाई तक्सिर नलागोस् भना निमित्त अगावै आफुहरूलाई जाहेर गऱ्याको हो . वैशाषका १५ दिन जांदासम्म सिपाहि

झिकि दिनु भया वढीया होला ताहासम्म हामी टिगरिमा आई लडन्या छौन. सो वुझाउनु होला चैत्र वदी १२ रोज ५ शुभम्—

चैत्र वदि १३ रोज ६

तस्तै विचमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनवाट लेषि चह्राई पठायाको उप्रान्त हाल केरूंका समाचार ढेवा २ पनि चैत्र वदि १२ रोज ५ का दिन ९।१० घडि वाकिमा आलमाल लि गयेछ श्री च्यांग्रासि देवताको केवरा चैत्र वदि १२ रोज ५ का दिनदेषि फुल्याको छैन पूजाहारी स्मेत भाग्याको छ भन्छन् देवा धर्माको लामा भन्या आजसम्म केरौंमा छ भन्छन्

तस्तै वषतमा श्री प्राइम मिनिष्टर यानका हजुरमा श्री विर्गेडियेर जनरल षड्ग वहादुर कुवर राणाजीवाट लेषि चह्राई पठायाको उप्रान्त म यतावाट सिकार्जुं पुग्या पछि तैले डिगर्चा हान्नु जानु पर्न्या छ भनि अघि लेषि गयाको हो अवर अठार सये षोलाका हाम्रा रैतीहरूले भोटका जगामा षर्चरि तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ येस पालि भोटका ११ जना घोडचढि र १४ जना पैदल भोट्याहरू आई हाम्रा रैयतहरूमा १ जनालाई मारि ४ जनालाई घाइत्या गरि ५।६ सये चौरी र अरू आलमाल समेत लुटि लगेछ . भोटेहरूले यस्तो गऱ्या पछि हामीले चुप लागी रहनु भयेन फौज पठाउन पऱ्यो येस्तरफ कुति केरूं झुगाको किल्ला हाम्रालाई श्री मिनिष्टर जनरल वम्वहादुर राणाजी र श्री विर्गेडियेर मेजर कपतान रणसिं षत्री पल्टन तोपस्मेत लि विदा भै हिड्या ताहावाट तैले पनि चाडो जानु पर्न्या छ आफ्नु फौज षर्षजाना रसद दोचा वषु गैह्र चाहिन्या कुराको हर्कत नहुन्या गरि तयार भै रहनु . ताहावाट लेषि गयापछि उसै वषत हुकुमको सायेत गरि सिवानादेषि वढि जान्या काम गर्नु तेस तरफ पनि डाका दिन आउनन् आफ्नु हुसियार गरि रहन्या काम गर्नु भनि सिक्ष्या अर्ति पठाई वक्स्याको भोटले ताहासम्म वेजाई वेराहा गऱ्या पछि हामीले सहि वस्नु जोग्य छैन चाहिन्या षरषजाना रसद दोचा वषु गैह्र कुराको पनि आफ्ना वुद्धिले भेट्यासम्मको अनजाम वांधी ताकित गऱ्याको छ . श्री हिमालय धोज पल्टन पनि येस्तरफ रवाना गरि पठाइ वक्सनु भयेछ . नीज पल्टन ताहा आइ पुग्यापछि म पनि ताहावाट सवै फौज षजाना उठाई वालुंचुं जान्या काम गरूंला ताहावाट वढि जानालाई मर्जि आइ पुग्नि मात्रै हुकुमको सायेत गरि लगुर पार फौज वढाई जंगि ऐनमा लेषिया मुताविक आफ्ना वुद्धिले पुग्यासम्म लडन्या काम गरूंला हाल षवर्दारिलाई वालुंचुङ येस्तरफ भोटको रसद सिवाना चोर वाटो पौडा गल्फा ठाउठाउमा सोला भाजा दर्जन थापन्या र चौकि विकट राषि आफ्नु होसियारिसंग रहनु भनि मेजर कपतान भिमल् आलेलाई फेरि पनि लेषि पठाउन्या काम गऱ्या चौकि विकट राषि साला भाजा दर्जन थापि होसियारसंग रह्याकै छन् जंगी ऐन पनि ढडामा लेखिया वमोजिम सवै पल्टनका आफिसर लगायत पिपा षलासि वानादारसम्म गैह्र जवानलाई वेहोरा वुझाई सुनाउन्या काम गरि सकल कपतानलाई र नकल लेफटेनलाई दिन्या काम गऱ्या गोलि गठा थर महाताप फलाम माडा गैह्र पिया षलालिले वोकन्या हालन्या र सिपाहि फिजवानलाई वाडि दिन्या पट्टिलाई जिम्मा लाउन्या तजवीज गरूंला ल्हासा डिगर्चावाट चिठीपत्र ली ताहा भेट गर्न आउन्या र ताहा तिमीहरूसंग आउन्याहरू सेतो ध्वजा घुमाई आउन्या वकिल हुन् तस्तालाई वन्दुकतिर कमान भाला वर्छा वाहेक च्यापसा लि आउन्याहरूमा २५।३० जनासम्मलाई आउन दिनु यस्ता रितसंग आउन्यालाई जसले हतियार चलाई मार्ला दुःख देला तेस्तालाई जंगी ऐन वमोजिम काटियौला भन्या दस्पत पठाई वक्स्याका अर्थ दस्षतमा लेषियाको वेहोरा सवै पल्टनलाई उर्दि सुनाई दिन्या काम गऱ्या तेस्ता वकिल आयामा याद राषि षातिर गरि संभारसंग हजुरमा पठाउन्यासम्म आउन्यालाई उनले ल्यायाको चिठीको वेहोरा वुझी मुनासिफ माफिक जवाप दि पठाउन्या काम गरूंला आजकाल येस्तरफ लंगुर पारका षवर वालुंचुंङदेषि डिगर्चासम्म वाटा वारिपारि गाउंका रैतिहरू गोर्षाले चढाई गरि लुटपिट गर्छन अनि हडवडाई अन्यत्र गाउंमा भागि वसै गयाका थिया आजकाल ल्हासावाट मानिस पठाई गोर्षासंग हाम्रो घा वन्दोवस्त हुन्या छ तिमीहरूले हडवडाउनु पर्दैन आफ्ना आफ्ना गाउघर आई वस्न्या काम गर भनि षातिर तसल्लह गर्दा कोहि कोहि रैतिहरू आउन लागि रह्याछन् भनि लंगुर पारवाट वेपार गर्न आउन्या भोट्याहरूले भन्छन् भनि हटिया च्यातां वालुंलुङका गोवा मझियाले गऱ्याको विस्तार जाहेर गरि पठायाको छ मुकाम धनकुटा शुभम्-(क्रमशः)